## Published in the National Daily Newspaper "Gorkhapatra" on Thursday 6th Baisakh 2081 (18 April 2024)

नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

# केन्द्रीय नवीकरणीय ऊर्जा कोष

### Central Renewable Energy Fund (CREF)

## दिगो ऊर्जा चुनौती कोष (Sustainable Energy Challenge Fund - SECF) बाट वित्तीय सहायताको लागि

## दिगो ऊर्जा परियोजनाहरूको अवधारणा पत्र (Concept Note) आह्वान सम्बन्धी सूचना

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको वित्तीय संयन्त्र केन्द्रीय नवीकरणीय ऊर्जा कोषले बेलायत सरकार, संघीय गणतन्त्र जर्मनी र युरोपेली संघको सहयोगमा सञ्चालन गर्दै आएको दिगो ऊर्जा चुनौति कोष (SECF) मार्फत दिगो ऊर्जा परियोजनाहरूको वित्तीय सम्भाव्यता (Financial Viability) र दिगो सञ्चालनको सुनिश्चित गर्न वित्तीय र प्राविधिक सहायता प्रदान गर्दै आएको हुँदा योग्य आवेदकहरूबाट अनलाइन आवेदन पोर्टल: www.secf.nrepnepal.com मार्फत अवधारणा पत्र पेश गर्न यसै सूचना मार्फत आव्हान गरिन्छ । अनलाइन आवेदन पोर्टल सन् २०२४ को मे ३१ तारिखसम्म खुला रहनेछ। यस अवधिमा प्राप्त अवधारणापत्रहरु नियमित रुपमा मूल्याङ्कन गरिने भएकोले सम्भाव्य आवेदकहरूलाई अवधारणा पत्रहरू यथाशिघ्र पेश गर्न प्रोत्साहित गरिन्छ ।

दिगो ऊर्जा चुनौति कोष मार्फत सम्भाव्य परियोजनाहरुमा सहयोगको लागि दुई चरणमा आवेदन आह्वान गरिन्छ । पहिलो चरणमा सम्भावित दिगो ऊर्जा परियोजनाहरूको अवधारणा पत्रको आह्वान गरिन्छ । अवधारणा पत्रहरुलाई प्राविधिक सम्भाव्यता, वित्तीय पक्ष, अपेक्षित परिणाम र परियोजनाको प्रभावको आधारमा छनौट गरिन्छ  र छनौट भएका अवधारणा पत्रहरूको पूर्ण प्रस्ताव आव्हान गरिन्छ। योग्यता मापदण्ड, आवेदन प्रक्रिया र सहयोगका क्षेत्र सम्बन्धी अद्यावधिक जानकारी www.nrepnepal.com /2023/12/secf-information-package/ मा उपलब्ध छ ।थप जानकारीका लागि इच्छुक आवेदकहरूले इमेल (secf_queries@NREPNepal.com) वा फोन (९८०२३२३३१८) मार्फत सम्पर्क  गर्न सक्नेछन् । परियोजना अवधारणा पत्रहरू स्वीकार वा अस्वीकार गर्ने अधिकार AEPC/CREF मा सुरक्षित रहनेछ ।